# मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको

## विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/१२/२५ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्था संचालक समितिको मिति २०७९ साल चैत्र १६ गते केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा बसेको २५८औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० वैशाख १० गते, आईतवार (तदनुसार अप्रिल २३, २०२३)

**समय** : दिनको १२ : ३० बजे

**स्थान** : होटल सारथी, धुलिखेल नगरपालिका–८, काभ्रेपलाञ्चोक

**छलफलका विषयहरु :**

**(क) विशेष प्रस्तावहरु :**

१. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए (मर्जर) पश्चात बन्ने संस्थाको नाम "नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड" र अंग्रेजीमा (Nerude Mirmire Laghubitta Bittiya Sanstha Limited) कायम गरी सो नामबाट कारोबार गर्ने साथै कम्पनीको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १३ मा रहने तथा कर्पोरेट कार्यालय काठमाडौं र ललितपुर महानगरपालिका बाहेक काठमाडौं उपत्यका भित्र रहने प्रस्ताव पारित गर्ने ।

३. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि मूल्याङ्कनकर्ताबाट प्राप्त चल-अचल सम्पत्ति तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA) को आधारमा निर्धारण गरिएको १:१ शेयर स्वाप अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने ।

४. यस मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त चल/अचल सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA) तयार गर्न नियुक्त गरिएका लेखापरीक्षक/मूल्याङ्कनकर्ता एस.एस.एम एसोसिएट्स (चार्टर्ड एकाउन्टेन्स्) को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

५. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए (मर्जर) पछिको नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने ।

६. मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड र नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा गरिएको अन्तिम सम्झौता पत्र स्वीकृत गर्ने, मर्जर सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृयाहरु पुरा गर्नेगरी नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडसंग मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गर्ने तथा मर्जर सम्बन्धमा गठित संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चहरुका साथै अन्तिम सम्झौतापत्र लगायतका सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने ।

७. संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा ।

८. साधारण शेयरको थप सार्वजनिक निष्काशन सम्बन्धमा ।

९. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

१०. संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने, थप सार्वजनिक शेयर निष्काशन र संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने लगायत विशेष साधारण सभाबाट पारित प्रस्तावहरु तथा सभाको अन्य निर्णयहरु कार्यान्वयन गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गर्ने सिलसिलामा नेपाल राष्ट्र बैंक वा अन्य नियामक निकायबाट कुनै विषयमा थपघट, फेरबदल वा संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन तथा थपघट गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यहरु गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ख) विविध ।**

**संचालक समितिको निर्णय अनुसार,**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी:**

१. विशेष साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८०/०१/०३ गते यस संस्थाको शेयर दाखिला खारेज बन्द रहने छ ।

२. विशेष साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र हितग्राही खाता नं. र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ ।

४. विशेष साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा दर्ता गराई सक्नुपर्नेछ । यस संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालयमा सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी)लाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ ।

६. बुँदा नं. ४ र ५ प्रयोजनका लागि उक्त दिनहरुमा सार्वजनिक विदा परेमा समेत सो प्रयोजनको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय विहान १०:०० बजेदेखि साँझ ४:०० बजेसम्म खुल्ला रहने छ ।

७. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

८. विशेष साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा-८, काभ्रेपलाञ्चोकमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

९. नाबालक तथा अशक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन र प्रोक्सी नियुक्त गर्न सक्ने छन् ।

१०. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा कुनै प्रस्ताव पेश गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सो बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिमा लिखित निवेदन पेस गर्नुपर्नेछ ।

मिर्मिरे
लघुवित्त वित्तीय संस्था लिमिटेड

**मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Mirmire Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, बनेपाबजार, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२३११/१२, E-mail : info@mirmirebank.com.np, Website : www.mirmirebank.com.np